का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ माघ २०८०,
बुधबार
7 February 2024,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नं

वर्ष २१, अंक ३६४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

संसदमा सुधारको प्रयास

## नियम बन्यो नियतमाथि शंका

संसदीय गतिविधिलाई थप प्रभावकारी बनाउन भन्दै नयाँ नियम र नियमावली बनाइएका छन् । तर त्यसको कार्यान्वयन र जिम्मेवारी पदाधिकारीबाट हुन सक्ने सदुपयोग र दुरुपयोगबारे सांसदहरुकै शंका छ ।



सांसदहरुको हाजिरी दैनिक सार्वजनिक गर्ने भनेको हो । तर प्राविधिक कारणले सार्वजनिक गर्न सकिएको छैन ।

**एकराम गिरी**
**प्रवक्ता**
**संसद सचिवालय**

**शिव विक/मध्यान्ह**
काठमाडौं, २३ माघ ।

सभामुख देवराज घिमिरेले सोमबार संघीय संसदको अधिवेशनको शुरुवात गर्दै केही नयाँ अभ्यास गर्ने घोषणा गरेका थिए । जसमा सांसदहरुको हाजिरी दैनिक रुपमा सार्वजनिक गर्ने पनि उल्लेख थियो । त्यस अनुसार सभामुख घिमिरेले सोमबार नै बसेको प्रतिनिधि सभाको कार्या व्यवस्था तथा परामर्श समितिको बैठकबाट निर्णय गराएका थिए ।

तर, सोमबार प्रतिनिधि सभाको बैठकमा को सांसद गए, को सांसद गएनन् भन्ने विषयमा संसद सचिवालयले कुनै जानकारी गराएको छैन् । यस सम्बन्धमा संसद सचिवालयको बनिबनाउ जवाफ छ ।

संसद सचिवालयका प्रवक्ता एकराम गिरी प्राविधिक कारणले सांसदहरुको हाजिरी सार्वजनिक हुन नसकेको बताउँछन् । उनी भन्छन्, 'हाजिरी दैनिक सार्वजनिक गर्ने भनेको हो । तर, प्राविधिक कारणले सार्वजनिक गर्न सकिएको छैन ।'

यी लगायत संसदीय गतिविधिलाई थप प्रभावकारी बनाउन भन्दै नयाँ नियम र नियमावली बनाइएका छन् । तर, त्यसको कार्यान्वयन र जिम्मेवारी



पदाधिकारीबाट हुन सक्ने सदुपयोग र दुरुपयोगबारे सांसदहरुकै शंका छ ।

सभामुख देवराज घिमिरे संसदमा सुधारका लागि नयाँ अभ्यास गर्न लागिएको र प्रभावकारी कार्यान्वयन गरिने बताउँछन् । संसदीय गतिविधिलाई समयबद्ध सञ्चालन गर्न कार्यतालिका (संसदीय क्यालेन्डर) लागू गरिएको छ । यो सँगै प्रतिनिधि सभा र राष्ट्रिय सभाका कुन महिनामा कुन दिन बैठक बस्छ, के कार्यसूची रहन्छ भन्ने तय भएको छ । राष्ट्रिय सभाको कार्य व्यवस्था परामर्श समितिको गत बुधबारको बैठकले आगामी फगुन महिनाभरसम्मको संसदीय क्यालेन्डर स्वीकृत गरेको थियो ।

विगतमा बजेटमाथिको छलफलमा उठेका टिप्पणीलाई ध्यानमा राखेर हिउँदे अधिवेशनमै प्रि बजेट छलफल (बजेटको सिद्धान्त र प्राथमिकतमाथि छलफल) गरिँदैछ । यसका लागि आवश्यक कानुनी व्यवस्था गर्न सरकारले 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश २०८० ल्याएको थियो । सोमबार प्रतिनिधि सभाको बैठकमा

पृष्ठ २ मा

## तारागाउँको १५० रोपनी जग्गामाथि अनुसन्धान शुरु

बाँसबारीको सरकारी जग्गा निजीकरण भएको सम्बन्धमा अनुसन्धान चलिरहेका बेला सोही प्रकृतिको अनियमितताको आशंका गरिएको तारागाउँको १५० रोपनी जग्गाका सम्बन्धमा अनुसन्धान शुरु भएको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ माघ ।



काठमाडौंको बौद्धस्थित १५० रोपनी सरकारी जग्गा तारागाउँ विकास समितिको नाममा निजीकरण भएको सम्बन्धमा अनुसन्धान अगाडि बढेको छ । गृहमन्त्रालयको स्वीकृतिपछि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले सरकारी जग्गा हिनामिना भएको सम्बन्धमा अनुसन्धान अघि बढाएको हो ।

अनुसन्धान अधिकृतहरुका अनुसार तारागाउँ विकास समितिको १५० रोपनी जग्गा हायात रिजेन्सी होटलको नाममा नामसारी हुँदा अनियमितताको आशंका छ ।

बाँसबारीको सरकारी जग्गा निजीकरण भएको सम्बन्धमा अनुसन्धान चलिरहेका बेला सोही प्रकृतिको अनियमितताको आशंका गरिएको तारागाउँको १५० रोपनी जग्गाका सम्बन्धमा अनुसन्धान शुरु भएको हो ।

यसअघि नै राष्ट्रिय सतर्कता केन्द्रले तारागाउँ विकास समितिको स्वामित्वमा रहेको जग्गको सम्बन्धमा प्रश्न उठाएको थियो । यसअघिको सम्झौतामा नै समितिको जग्गा ह्यात होटल सञ्चालन गरिरहेको तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको नाममा हस्तान्तरण हुने व्यवस्था राखिएको भन्दै सतर्कता केन्द्रले संशोधन गर्न भनेको थियो ।

सतर्कता केन्द्रका अनुसार सरकारी स्वामित्वको जग्गा कुनै पनि बहानामा निजीकरण गर्न मिल्दैन भन्ने कानूनी व्यवस्था छ ।

नेपालमा पर्यटकीय पूर्वाधार खडा गर्न भन्दै २०३४ सालमा सरकारले तारागाउँ विकास समिति गठन गरेको थियो । त्यही समितिले राधेश्याम सर्राफ र दिनेशलाल श्रेष्ठ समूहसँग बौद्धमा होटल र पर्यटकीय केन्द्र स्थापित गर्ने सम्झौता गरेको थियो ।

२०४८ साल पुस १० गते भएको सम्झौता अनुसार समितिले आफ्नो स्वामित्वमा रहेको १५० रोपनी जग्गा तारागाउँ रिजेन्सी होटल्स लिमिटेडका नाममा हस्तान्तरण गरेको थियो । । होटल स्थापनाका लागि समिति र उक्त समूहले तारागाउँ रिजेन्सी होटल्स लिमिटेड नामक कम्पनी खोलेका थिए । अहिले त्यो कम्पनीले बौद्धमा ह्यात ब्राण्ड प्रयोग गरेर होटल सञ्चालन गरिरहेको छ ।

१५० रोपनी जग्गा प्रति रोपनी १० लाख रुपैयाँका दरले कम्पनीलाई दिने सम्झौता भएको थियो । उक्त मूल्य बराबरको रकम तारागाउँ विकास समितिले शेयर लगानी गर्ने सम्झौता पत्रमा उल्लेख थियो । तर प्रजातन्त्र पुनर्स्थापनाको केही वर्षमा नै तारागाउँ विकास समितिका पदाधिकारीहरुको मिलेमतोका कारण लिजमा दिएको जग्गाको स्वामित्व नै हस्तान्तरण भएको बताइन्छ ।

तारागाउँ विकास समितिका पदाधिकारी र पर्यटन मन्त्रालयका अधिकारीहरुबीचको मिलेमतोमा २० करोड रुपैयाँ अनियमितता भएको भनी सतर्कता केन्द्रमा उजुरी परेको थियो । उजुरीमाथिको छानविनपछि केन्द्रले अनियमिताको आशंका पुष्टि गर्ने आधारहरु प्रस्तुत गरेको थियो । सतर्कता केन्द्रका निष्कर्ष

पृष्ठ २ मा

## शान्तिबाटिकाबाट लखेटिए धर्नाकारी

**शिव विक/मध्यान्ह**
काठमाडौं, २३ माघ ।

आफ्ना विभिन्न माग राज्यलाई सुनाउन रत्नपार्कस्थित शान्तिबाटिकामा धर्नामा बसेकाहरुलाई काठमाडौं महानगरले त्यहाँबाट लखेटेको छ । मंगलबार महानगरले नगर प्रहरी बल प्रयोग गर्दै लामो समयदेखि धार्नामा बसेकाहरुलाई हटाएको हो ।

शान्तिबाटिकामा मिटरब्याजबाट पीडितहरु आफ्ना माग सरकारलाई सुनाउन लामो समयदेखि धर्नामा बसेका थिए । उनलाई नगरप्रहरीले त्यहाँबाट जबर जस्ती निकाल्दै शान्तिबाटिकाको प्रवेशद्वारमै ताला लगाएको छ ।

महानगरले



शान्तिबाटिकाबाट निकालेपछि धर्ना र अनशनमा बसेकाहरु बिचल्लीमा परेका छन् । सरकारलाई आफ्ना माग सुनाउन पाउने नागरिक अधिकार समेत महानगरले बलमिच्याइँ गर्दै खोसेको गुनासो उनीहरुको छ । न्याय माग्दा माइतीघर मण्डलाबाट संघीय सरकार र शान्तिबाटिकाबाट महानगरले लखेटेको उनीहरुले गुनासो गरेका छन् ।

तर, नगर प्रहरीले भने लामो समयदेखि शान्तिबाटिका कब्जा गरेर बसेकाहरुलाई

पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## 'म्यानपावर कार्यालय हटाउने महानगरको उर्दी गलत छ'



**हरिबहादुर पाण्डे क्षेत्री**
अध्यक्ष, वैदेशिक रोजगार एकता समिति, सामाखुसी

करिब पाँच दर्जन म्यानपावर कम्पनी रहेको सामाखुसी क्षेत्रमा काठमाडौं महानगरपालिकाले ७ दिनभित्र म्यानपावर कार्यालय हटाउनुपर्ने उर्दी जारी गरेपछि त्यसक्षेत्रका व्यवसायी गम्भीर बनेका छन् । सात दिनभित्र कार्यालय स्थानान्तरण नगरेमा कानूनी कारबाही गर्ने महानगरले चेतावनी दिएको छ । महानगरको उर्दीपछि अन्योल र त्रासमा परेका व्यवसायीहरु गत बुधबारदेखि निरन्तर छलफलमा छन् । सो क्षेत्रमा कार्यालय सञ्चालन गरेका ५५ वटा म्यानपावर कम्पनीलाई वैदेशिक रोजगार व्यवसायी एकता समिति सामाखुसीले विभिन्न अवस्थामा संरक्षकत्व प्रदान गर्दै आएको छ । काठमाडौं महानगरपालिकाले ७ दिनभित्र म्यानपावर कार्यालय हटाउनुपर्ने उर्दीलाई समितिले कसरी ह्यान्डल गर्दैछ ? प्रस्तुत छ, एकता समितिका अध्यक्षको जिम्मेवारीमा रहेका नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वप्रथम उपाध्यक्ष तथा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका पूर्वकार्यवाहक अध्यक्ष **हरिबहादुर पाण्डे क्षेत्री**सँग काठमाडौं महानगरको म्यानपावर कार्यालय हटाउनुपर्ने उर्दीले सिर्जना गरेको समस्या र समाधानका विषयमा **मध्यान्ह दैनिक**ले गरेको कुराकानीको सम्पादित अंश :

**काठमाडौं महानगरपालिकाले ७ दिनभित्र यस क्षेत्रमा रहेका कलकारखानासहित म्यानपावर कम्पनीको कार्यालय हटाउनुपर्ने भनि गत बिहीबार गरेको माइकिङलाई वैदेशिक रोजगार व्यवसायी एकता समितिले कसरी लिएको छ ?**

काठमाडौं महानगरपालिकाले ७ दिनभित्र म्यानपावर कम्पनी कार्यालय हटाउनुपर्ने भन्ने गत बिहीबार महानगरपालिकाको गाडीमार्फत भएको उर्दी अपरिपक्व र अव्यावहारिक मात्रै नभएर सिँगो मुलुकको अर्थतन्त्र धानिरहेको वैदेशिक रोजगार व्यवसायलाई तहसनहस पार्ने र बन्द गराउने बदि्नयतबाट आएको विश्लेषण गरिएको छ । एउटा सरकारी निकाय कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भइ अर्को सरकारी निकाय वैदेशिक रोजगार विभागबाट अनुमतिपत्र लिएर स्वयम् महानगरपालिकाको २६ नम्बर वडा कार्यालयमा २५ हजारका दरले व्यवसाय दर्ता शुल्क तिरेर व्यवस्थित रुपमा कार्यालय सञ्चालन गरिरहेका

पृष्ठ २ मा

## तयारी नपुगेको भन्दै यूएई जव फेयरको मिति सार्ने तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ माघ

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले पर्याप्त तयारी नपुगेको भन्दै यूएईमा आगामी फागुन पहिलो साता गर्ने भनिएको रोजगार मेला 'जव फेयर' केही समयका लागि सार्ने भएको छ । संघले आगामी फागुन ३ गते यूएईमा ठूलै सहभागितामा जव फेयर गर्ने निर्णय गरेको थियो ।

उक्त निर्णयपछि संघले त्यसको संयोजन तथा तयारीका लागि प्रथम उपाध्यक्ष तथा अन्तर्राष्ट्रिय कोअर्डिनेटर डिक बहादुर खत्री (कुमार)को संयोजकत्वमा सचिव कर्णराज कटुवाल तथा यूएई संयोजक

पृष्ठ २ मा

Qatar Airport मा बैदेशिक रोजगारको अवसर

QASSP शركة الخطوط الجوية القطرية اس اس بي - ذ.م.م QATAR AIRWAYS SSP LLC

Company: Qatar Airways SSP LLC, Qatar

पुन विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/०२/२४ चलानी नं.:६०१८०५८६ LT No.:264542

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| १. | Waiter | 01 | 06 | कामका दक्ष | 1500 | ५४,७८४।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |
| २. | Assistant Cook | 02 | 00 | | 1500 | ५४,७८४।- | | | | | | | |

1. Having Hotel management diploma in Cookery or Food Service are preferred
2. Should have knowledge of HACCP, variety of chopping boards used in the kitchen
3. Should have knowledge of FIFO,LIFO, storage temperature & POS

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | नि:शुल्क |

प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ । फाइनल अन्तरवार्ता २०८० फागुन २ गते (14 Feb., 2024) यस प्रा. लि. कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Global Overseas Services Pvt. Ltd. Govt. Lic: 079/052/053
Basundhara, Kathmandu, Tel: 01-4371146, 4377864

VACANCY
ANNOUNCEMENT
A fast growing hospitality recruitment company is looking for the following positions:

OFFICER - 5 M/F
PERSONAL SECRETARY TO CHAIRMAN - 1 (M/F)

Qualified, Young, Energetic & Fluent in English Language is required.
Experience is not required we will train the qualified candidates who meets our above criteria.

Salary Negotiable

Please send your CV: info@rpmanpower.com
9851004938 | 9823401265

ROYAL AND PARTNERS
Services Pvt. ltd.
श्रम ईजाजत पत्र नं. १५८१/०७५/०८०
Tokha -10, Kathmandu, Nepal, Tel 01-5914938

## संसदमा ...

अर्थमन्त्री डा. प्रकाशशरण महतले उक्त अध्यादेश पेश गरेका छन् । अध्यादेशअनुसार फागुन महिनामै बजेटको सिद्धान्त र प्राथमिकतमाथि छलफल हुनेछ । वर्षे अधिवेशनमा मात्रै प्रि बजेट छलफल हुँदा सांसदहरूको सुझाव बजेटमा समेट्न नसकिएको भन्ने विगतको गुनासो र अभ्यास बदल्न यसपटक देखि हिउँदे अधिवेशनमै प्रिबजेट छलफल गर्न लागिएको हो । कानुन न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङका अनुसार संसदमा आगामी फागुन १५ देखि प्रि-बजेटसँग सम्बन्धित छलफल सुरु हुनेछ । सभामुख घिमिरेका अनुसार प्रि-बजेट छलफलमा सांसदहरूले उठाएका विषयहरुलाई बजेटमा समावेश गर्ने सुनिश्चितताका सम्बन्धमा उनले प्रधानमन्त्री, अर्थमन्त्री, कानुन न्याय तथा संसदीय मामिलामन्त्री लगायतसँग छलफल गरिरहेका छन् । बजेटमाथिको छलफलमा सांसदहरुले जे जस्तो सुझाव दिएता पनि सरकारको तयारीमा 'कमा र फुलिस्टम समेत नफेरिने' विगतको अभ्यास र बुझाइलाई नीतिगत र व्यवहारिक रुपमा चिर्न खोजिएको छ । साथै, सोमबारबाट प्रतिनिधि सभा सदस्यहरुको विद्युतीय हाजिरी सुरु भएको छ । राष्ट्रिय सभामा यसअगाडि नै सांसदहरुको विद्युतीय हाजिरी गर्ने अभ्यास गर्दै आएका छन् ।

विद्युतीय हाजिरीसँगै अब प्रतिनिधिसभाका सांसदहरूको संसद बैठकको उपस्थिति दैनिक रूपमा सार्वजनिक गरिनेछ । विगतमा सांसदहरुको उपस्थिति थाहा पाउन नागरिकले सूचनाको हक प्रयोग गर्नुपर्दथ्यो ।

जनताको प्रतिक्रिया र सुझावलाई आत्मसात् गर्दै संसदलाई प्रभावकारी र नतिजामुखी बनाउने पनि सभामुखको घोषणा छ । नयाँ अभ्यासलाई सभामुख घिमिरेले संसदीय क्रियाकलापको समीक्षा र कमजोरीमाथि सुधारको संज्ञा दिएका छन् । 'संसदीय क्रियाकलापको समीक्षा र कमजोरीको सुधारले यस संस्थाप्रतिको विश्वास र भरोसा वृद्धि हुँदै जान्छ । किनभने लोकतन्त्रमा जनता सबैभन्दा माथि हुन्छन्' सभामुख घिमिरेले भनेका छन्, 'जनताको प्रतिक्रिया र सुझावलाई आत्मसात् गर्दै आगामी अधिवेशन नतिजामुखी हुने विश्वास व्यक्त गर्दछु ।'

## तारागाउँको...

र निर्णय समेतका आधारमा सीआईबीले तारागाउँ विकास समितिको नाममा गएको १५० रोपनी सरकारी जग्गाको सम्बन्धमा अनुसन्धान अघि बढाएको हो ।

## शान्तिबाटिकाबाट...

निकालेको दाबी गरेको छ । नगरप्रहरी प्रमुख राजुनाथ पाण्डेले एउटै समूह ११ महिनाभन्दा बढी समय धर्नाको नाममा कब्जा गरेर बसेकाले हटाएको प्रतिक्रिया दिएका छन् । महानगरले शान्तिबाटिकाबाटै केही दिनअघि आरती साहका लागि न्याय माग्दै धर्नामा बसेका उनका परिवारका सदस्यहरुलाई निकालेको थियो । त्यहाँबाट निकालिएपछि उनीहरुले सिंहदरबार प्रवेश गर्न खाजेका थिए तर प्रहरीले रोकेको थियो । न्यायका लागि आन्दोलित हुनेहरुका लागि काठमाडौं महानगरले कठोर व्यवहार देखाएको यो पहिलो पटक भने होइन् । गत चैतमा महोत्तरीको बर्दिवासबाट हिँडेर काठमाडौं आएका मिटरब्याज पीडितलाई महानगरले खुलामञ्चमा प्रवेश गर्न दिएको थिएन । आन्दोलनकारीलाई धरपकड गरेपछि उनीहरु वीर अस्पतालअघिको सकडमा सुत्न बाध्य भएका थिए ।

## तयारी...

नारायण भुसाल सदस्य रहेको समिति गठन गरेको जछ । उपाध्यक्ष खत्रीले लामो समयको अन्तरालमा हुन थालेको रोजगार मेलामा सहभागिताका लागि व्यवसायीको उल्लेख्य चासो रहेको, तर तयारीका लागि समय पर्याप्त नभएकाले अर्को मिति तय गर्ने निष्कर्षमा पुगिएको बताए । उनले व्यवसायीको सहभागिताका अधारमा स्टललगायतको लागत निर्धारण हुने भन्दै संघको कार्यदलले यूएई भ्रमण गरी अर्को मिति तोक्नु उचित हुने निष्कर्ष निकालिएको जानकारी दिए । संघ कार्यसमितिको बुधबार बैठक बसेर अर्को मितिबारे निर्णय गर्ने तयारी छ । तत्कालका लागि जब फेयरमा आफ्नो सहभागिता सुनिश्चित गर्न इच्छुक व्यवसायीहरूलाई संघले आग्रह गरेको छ ।

जब फेयरमा यूएई सरकारका प्रतिनिधि, त्यहाँका बहुराष्ट्रियसहित ठूला रोजगारदाता कम्पनी, चेम्बर आफ कमर्सलगायत विभिन्न व्यावसायिक संस्थाको सहभागिता गराउने योजना संघको छ । संघले तयस विषयमा संघलाई छातासंस्था मान्ने शुभेच्छुक संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुसँग प्रारम्भिक चरणमा छलफल गरिसकेको छ ।

नेपालले १७ वर्षअघि नै यूएईमा जब फेयर गरेपनि त्यसलाई निरन्तरता दिन सकेको छैन । हाल प्रतिनिधि सभा सदस्य रहेका संघका तत्कालीन अध्यक्ष एलपी साँवा लिम्बूको कार्यकालमा सन् २००७ को जुन ६ तारिकमा दुबईको ग्राण्ड हयात होटलमा जब फेयरको आयोजना गरिएको थियो । त्यतिबेला २६ कम्पनीले स्टल राखेर आ-आफ्ना सूचनाहरू प्रवाह गरेका थिए भने वैदेशिक रोजगार विज्ञ डा. गणेश गुरुङले नेपालमा उपलब्ध अदक्ष, अर्धदक्ष तथा दक्ष कामदारहरूका बारेमा विस्तृत जानकारी गराएपछि नेपालमा कामदारहरू अदक्ष मात्र उपलब्ध छन् भन्ने यूएईका रोजगारदाताहरूको सोचाइ नै परिवर्तन भएको धेरैको बुझाइ छ । यूएईमा जब फेयर भएको १७ वर्षको अवधिमा बजार प्रवर्द्धनका नाममा काठमाडौंमा धेरै कार्यपत्र प्रस्तुत भएपनि ठोस् काम भने हुन नसकेको वैदेशिक रोजगार व्यवसायीहरुको भनाइ छ । पछिल्ला महिनाहरूमा यूएई धेरै नेपाली कामदार जाने श्रम गन्तव्य मुलुकको शीर्ष स्थानमा रहेको छ ।

# मध्यान्हकर्मी तिवारीमाथि कुटपिट

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २३ माघ



मध्यान्हकर्मी कृष्ण तिवारीमाथि कुटपिट भएको छ । रौतहटको कटरिया नगरपालिकामा रहेको बाबा बैजनाथ सुगर एण्ड केमिकल प्रालिमा समाचार संकलन गर्न गएका तिवारीमाथि निर्घात कुटपिट भएको हो ।

किसानले चिनी मिलमा लगेको १०० क्वीन्टल उखुलाई ७० क्वीन्टल बनाइएपछि किसानहरुले आन्दोलन गरेका थिए । किसानहरूले उखु काटा गर्ने ठाउँमा नारा जुलुस गरेपछि समाचार संकलनका लागि पुगेका मध्यान्हकर्मी तिवारीमाथि मिलका सञ्चालकले निर्घात कुटपिट गरेका हुन् । कटहरियाका मेयर समेत रहेका बाबा बैजनाथ सुगर एण्ड केमिकल प्रालिका सञ्चालककै मिलोमतोमा आफूमाथि कुटपिट भएको तिवारीले बताएका छन् । यस्तै कटहरिया नगरपालिकाका मेयर अजय प्रकाशकै संलग्नतामा आफूमाथि कुटपिट भएको पत्रकार तिवारीले बताएका छन् । तिवारीको मोबाइल र क्यामरा समेत मिल सञ्चालकले लुटपाट गरेको बताइएको छ ।

घाइते तिवारीको अहिले गरुडास्थित हेल्थ ल्याण्ड अस्पतालमा उपचार भइरहेको छ । घटनामा संलग्न मिल्स सञ्चालकमाथि कडा कारबाहीको माग गर्दै नेपाल पत्रकार महासंघ रौतहटले दोषीलाई तत्काल पक्राउ गर्न माग गरेको छ । तिवारीसँगै रहेका अर्का पत्रकार धिरज यादवको समेत मोबाइल र क्यामेरा लुटपाट भएको छ ।

पहिलो पृष्ठको बाँकी संवाद

# 'म्यानपावर कार्यालय हटाउने महानगरको उर्दी गलत छ'



व्यवसायीलाई अव्यवस्थित बसोबास गरिरहेका सुकुम्बासीलाई हटाउने जसरी व्यवसायीलाई हट्न माइकिङ गरिनु आपत्तिजनक छ । वैदेशिक रोजगार व्यवसायी एकता समिति सामाखुसीले संगठित र वैधानिक ढंगले यसको प्रतिवाद गर्दै छ ।

**महानगरीय प्रहरीले कार्यालय स्थानान्तरण नगरे कानूनी कारबाही गर्ने र उठाउन बाध्य हुने बताएको छ । सरोकारवाला पक्षसँग महानगरले छलफल प्रक्रिया अगाडि बढाएको छ त ?**

महानगरीय प्रहरीको माइकिङलगत्तै यस क्षेत्रमा कार्यालय रहेका व्यवसायी भेला भएका थियौं । यस क्षेत्रमा ५५ वटा म्यानपावर कम्पनीका कार्यालय सञ्चालन छन् । त्यतिमात्र नभएर १७ वटा मेडिकल सेन्टर र २० वटा ओरियन्टेशन पनि सञ्चालनमा रहेका छन् । कतिपय व्यवसायीले आफ्नै लगानीमा भवन निर्माण गरेका छन् भने कतिपयले लाखौं लगानी गरेर वर्षौंदेखि स्थायी कार्यालय स्थापना गरेका छन् । घरधनीसँग १० वर्षको सम्झौता गरेर कार्यालय व्यवस्थापन गर्दा व्यवसायीको लाखौं रुपैयाँ खर्च भएको छ । सो विषयमा हामीले स्थानीय आवास समितिसँग छलफल गरिरहेका छौं ।

बुधबार पनि गम्भीर छलफल हुँदैछ । हामी अहिलेसम्म महानगरपालिकाका निकायहरुमा छलफलका लागि गएका छैनौं । कतिपयले महानगरपालिका प्रमुखको नै निर्देशन हो भन्नुभएको छ । लिखितरुपमा केही नआएकाले महानगर केन्द्रको निर्देशन हो वा कोही स्थानीयको अनुचित दबाब प्रभावका आधारमा माइकिङ भएको हो, त्यस विषयमा पनि हामीले अध्ययन गरिरहेका छौं ।

**यो क्षेत्र आवासीय क्षेत्रका रूपमा रहेको छ । त्यहाँ भित्र सबै प्रकारका व्यवसाय गर्न दिंदा अवस्था बस्न लायक नै नरहने भएको आँकलनमा महानगरपालिकाले म्यानपावर कम्पनीलाई हट्न दिएको निर्देशनलाई अस्वभाविक भन्न कसरी उचित हो ?**

म्यानपावर कम्पनी कार्यालय सार्ने विषय व्यवसायीले वा महानगरपालिकाले चाहेर मात्रै हुँदैन । हामीले कार्यालय सार्दा कम्पनी रजिस्ट्रारको कार्यालयदेखि वैदेशिक रोजगार विभागको अनिवार्य अनुमति लिनुपर्छ । अनुमतिबिना कार्यालय सारेको अवस्थामा कम्पनी ऐन र वैदेशिक रोजगार ऐन, २०६४ अनुसार जरिवाना तिर्नुपर्छ । त्यसअघि ठेगाना परिवर्तनको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुपर्नेलगायतका प्रावधान छन् । हामी स्थानीय नभइ संघीय कानूनअनुसार स्थापना भएकाले महानगरपालिका जस्तो संस्थाले त्यस विषयमा जानकारी नै नभएको जस्तो गरेर सातदिने उर्दी जारी गर्नु व्यवसायीप्रतिको गैरजिम्मेवारपूर्ण व्यवहार हो ।

यसभन्दा पनि महत्वपूर्ण विषय वैदेशिक रोजगार व्यवसायीका कार्यालयले आवासीय क्षेत्रमा के समस्या सिर्जना गऱ्यो ? के काठमाडौं महानगरपालिकाले अध्ययन अनुसन्धान गरेर कुनै स्वतन्त्र प्रतिवेदन तयार गरेको छ ? म्यानपावर कम्पनीका कार्यालय सामाखुसी एरियामा मात्रै होइन, कलंकीदेखि स्वयम्भु, बालाजु, बसुन्धरा, चक्रपथ, चप्पल कारखाना, गौशाला, सिनामंगललगायतका क्षेत्रमा रहेका छन् । यी सबैका विषयमा महानगरपालिकाको निर्णय वा दृष्टिकोण के हो ? केही पनि सार्वजनिक गरिएको छैन । के का आधारमा सातदिने उर्दी जारी गरिएको हो ? हामी स्थानीय करदाता पनि भएकाले त्यसको यथेष्ट जवाफ पाउनुपर्छ । हामी महानगरपालिकाले उर्दी जारी गऱ्यो अब भाग्नुपर्छ भन्ने कायर मानसिकतामा छैनौं । कतिपयले रगत बगाउनु परेपनि पछि हट्नु हुँदैन भनेर भनिरहनुभएको छ । महानगरपालिकाको उर्दीप्रति सबै आक्रोशित हुनुहुन्छ । महानगरबाटै समस्या समाधान दिइएन र आवश्यक पऱ्यो भने हामी न्यायालयसम्म जानु परेको अवस्थामा पछि हट्ने छैनौं ।

**सानो कार्यालय लिने, तर विदेश जाने कामदारको अन्तर्वार्ता गर्दा बाटो नै छेकेर युवायुवतीलाई लाइन लगाउने, म्यानपावर कम्पनी सञ्चालनको गाडी पार्किङले पैदलयात्रीलाई समेत समस्या भएका गुनासा पनि रहेका छन् । यसलाई समितिले कसरी हेर्छ ?**

जहाँ व्यापार व्यवसाय छ, त्यहाँ विभिन्न कारणले मानिसहरुको आवागमन हुन्छ । तर हामीले कार्यालयमा अन्तर्वार्ता नलिने निर्णय गरिसकेका छौं । पार्टी प्यालेसलगायतका ठाउँ भाडामा लिएर कसैलाई डिष्टर्ब नहुने गरेर अन्तर्वार्ता गर्ने हाम्रो सहमति भइसकेको छ । साप्ताहिकरुपमै सफाइ अभियान चलाउने निर्णय पनि गरिसकेका छौं । पार्किङ यहाँको मात्रै नभएर सिँगो महानगरपालिकाको प्रमुख समस्या हो । पार्किङ समस्याको समाधानका लागि हिजोदेखि डबलीमा गर्ने र एक महिनापछि नर्सरी राखेको जग्गामा पार्किङ व्यवस्थापन गर्ने निर्णय भइसकेको छ । हामी नेपाली युवायुवतीलाई अन्तर्राष्ट्रिय श्रम बजारमा पठाउने व्यवसाय गर्ने व्यवसायी भएकाले शहरीकरण सौन्दर्यकरणको महत्व गहिरोसँग बुझ्छौं । मुलुकको अर्थतन्त्रमा यति ठूलो योगदान दिएका हामीलाई फोहोर वा अस्तव्यस्तता सिर्जना गर्ने तत्वरुपमा चित्रण गर्ने र हाम्रो जस्तो संवेदनशील व्यवसाय र व्यवसायीमाथि अनुचित लाञ्छना लगाउने काम स्वीकार्य छैन ।

**छातासंस्थाको हैसियतमा रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको यसबारेमा के दृष्टिकोण छ ?**

महानगरीय प्रहरीको माइकिङपछि संघका अध्यक्षले चासो राख्नुभएको थियो । मैले तत्कालका लागि समितिले समस्याको ह्याण्डिल गर्छ भनेर भनेको छु । पेशागत सुरक्षाको विषयमा सबै संस्था र व्यवसायी सचेत भएर हातेमालो गर्न अगाडि आउनुपर्ने देखिएको छ ।


## साउदीमा रोजगार

कम्पनी: NASSER YAHIYA HAZAZI GENERAL CONTRACTING ESTABLISHMENT
शहर: RIYADH
पुर्व स्वीकृत मितिः २०७९/०७/३० | चलानी नं.: ६०१९१३८६ | LT. No.: 275748 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Drilling Worker | 11 | 0 | स. काममा दक्ष | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २ गते (14 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Euro-Asia Employment Service Pvt. Ltd.
Govt. Lic: 548/062/63
Mitrapark-7, Chabahil, Kathmandu, Tel : 01-4494197

## कतारमा रोजगार

कम्पनी: ARAB QATARI AGRICULTURAL PRODUCTION CO.S.A.Q
शहर: Doha
पूर्व स्वीकृत मितिः २०७९/०८/०६ | चलानी नं.: ६०१९१७६६ | LT. No.: 276090 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FARMER | 3 | 0 | स. काममा दक्ष | 1000 | ३६,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २ गते (14 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
BRANCH OFFICE'S:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ZOMAN MOHAMMED AL - HAJRI & PARTNERS CONTRACTING CO. | शहर: Dammam
पूर्व स्वीकृत मितिः २०८०/१०/२२ | चलानी नं.: ६०२१४४२७ | L.T. No.:299494

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ६३,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन २ गते (14 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ कम्पनी प्रा.लि.)
Tel: 4985294 / 4985295, Email: info.royal1034@Gmail.com


## Inivitation for Online Sealed Quotation

**Government of Nepal**
**Chhabispathibhera Rural Municipality**
**Byansi, Bajhang**
**Sudarpaschim Province Nepal**

**Date of Publication ( February 7, 2024)**

1. The Chhabispathibhera Rural Municipality Byansi Bajhang invites Online Bid Form eligible bidder for the construction of the following works.

| Contrect idenification no | Description of work | Estimated Amount (Exclusive (VAT ) | Bid Doc. Fee NRs | Bid Security NRs | Bid Security Validity | Remarks |
|---|---|---|---|---|---|---|
| CPRMBJH/S/G/01-2080/081 | Febrication Parts of Jadghatta Suspended Bridge Chhabispathivera Rural Municipality -06 | 1480061 | 1000 | 43000 | 75 Days | |

2. Eligible Bidders may obtain further information form PPMO website:www.bolpatra.gov.np/egp.

| Last Date and Time for Bid Purchase | Lasta Date and Time for Bid Submission | Date and Time for Bid Opening |
|---|---|---|
| Date: feb 22 ,2024 12:00 | Date: feb 22 ,2024 12:00 | Date: feb 22 ,2024 13:00 |

| Cash Deposit for Purchases of bid Document | | Cash Deposite for Bid Security | |
|---|---|---|---|
| Bank | Kumari Bank LTD Byansi ,Bajhang | Bank | Kumari Bank Byansi ,Bajhang |
| Account Name | Chhabispathibhera Rural Municipality | Account Name | Chhabispathibhera Rural Municipality |
| Account Number | 0900037897600022 | Account Number | 0900037897600003 |
| Office code | 801077006 | Office code | 801077006 |
| Revenue Head | 31159 | Revenue Head | 31159 |

**Chief Administrative Officer**

# काठमाडौंमा एआई फिचरका सीसीटिभी क्यामरा जडान

**अस्मिता राय/प्रशिक्षार्थी**
काठमाडौं, २३ माघ

काठमाडौं महानगरपालिका क्षेत्रभित्र एआई (आर्टिफिसियल इन्टेलिजेन्ट) भएका एनएफपीआर (अटोमेटिक नम्बर प्लेट रिकोग्नाइजेसन), एफआरएस (फेसियल रिकोग्निजेसन सिस्टम) सीसीटिभी (क्लोज सर्किट टेलिभिजन) क्यामरा जडान भएका छन् ।

महानगरपालिकाले नेपाल प्रहरीसँगको सहकार्य क्यामरा जडान गरेको हो । यी क्यामराहरुले घटनासँग सम्बन्धित व्यक्ति तथा बस्तुको पहिचान र तिनीहरु कता गए, कसरी गए भन्ने दृश्य उपलब्ध गराउँछ । यस्ता विशेषता भएका क्यामरामध्ये ३ ठाउँमा एनएफपीआर (सवारी साधन र चालक सम्बन्धी दृश्य तथा विवरण दिने) र १० ठाउँमा एफआरएस (घटनासँग सम्बन्धित व्यक्तिका बारेमा विवरण र दृश्य दिने) क्यामरा राखिएका हुन् ।

यससँगै सहकार्यबाट सहरमा राखिएका सीसीटिभीको संख्या ३ सय ३५ पुगेको छ । २०७५ फागुन १५ गते सम्झौता गरेर आ. व. २०७६/०७७ मा २५ वटा पीटीजेड (प्यान, टिल्ट, जुम) र १४० वटा फिक्स्ड गरेर १६५ वटा र २०८० बैशाख ७ गते सम्झौता गरेर चालु आर्थिक बर्ष (२०८०/०८१) मा ५ वटा पीटीजेड, १४५ वटा फिक्स्ड, १० वटा एएनपीआर र १० वटा एफआरएस गरी १७० वटा क्यामरा जडान गरिएका हुन् । अघिल्लो सम्झौताबमोजिम महानगरपालिकाले नेपाल प्रहरीलाई ३ करोड रुपैयाँ प्रदान गरेको थियो । चालु आर्थिक बर्षमा ६ करोड रुपैयाँ प्रदान गरिनेछ । जसमध्ये पहिलो किस्तामा ३ करोड रुपैयाँ दिइसकिएको छ ।

रात्रीकालीन दृश्य समेत स्पष्ट हेर्न सकिने क्षमताका क्यामरा जडान गर्ने, रात्रीकालीन उज्यालोका लागि सडक बत्ती व्यवस्था गर्ने, निगरानी कक्षका लागि छुट्टै वैकल्पिक पावर सिस्टमको व्यवस्था गर्ने आपसी कामका सूची हुन् ।

सहकार्यमा भएका कामको नतिजा निरीक्षण गर्न महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोल मंगलबार उपत्यका प्रहरी कार्यालय रानीपोखरी गएकी थिइन् । सूचना प्रविधि विभाग र योजना अनुगमन तथा मूल्यांकन एकाइका अधिकारीसहित निरीक्षणमा गएकी उपप्रमुखले, सीसीटिभी कन्ट्रोल रुम, सर्भर कक्ष, भिडियो वाल, प्रहरी सहयोगका लागि गरिने आकस्मिक फोन १०० (कल सेन्टर) सञ्चालन व्यवस्थापन अनलोकन गरेकी थिइन् ।

व्यक्तिगत तथा संस्थाहरुले राख्ने सीसीटिभी सञ्चालन व्यवस्थापनलाई व्यक्तिको गोपनीयता तथा सुरक्षाका कोणबाट हेर्नु पर्ने अवस्था छ । यसको मापदण्ड पालना तथा सीसीटिभीको उपयोगका बारेमा व्यक्ति, समुदाय तथा सरोकारवालाका बिचमा सचेतना पनि बढाउनु पर्नेछ, उपप्रमुखको भनाइ थियो ।

सम्झौताबमोजिमको काम गर्न हामीले असार १३ गते बोलपत्र आव्हान गरेका थियौं । निरीक्षणका क्रममा प्रस्तुतिकरण गर्दै प्रहरी



कार्यालय, रानीपोखरीका प्रहरी उपरीक्षक इञ्जिनियर दामोदर कँडेलले, प्रस्तावकमध्ये प्याकेज १ का लागि सिनर्जी आइटी सोलुसन र प्याकेज २ का लागि इथ्री सेल्स एण्ड सर्भिसेजसँग सम्झौता भएको जानकारी दिए । प्याकेज १ को कबोल रकम ४ करोड एकतीस लाख ४२ हजार २७७ रुपैयाँ हो । यसमा ५ वटा पीटीजेड र १४५ वटा फिक्स्ड क्यामरा जडान भएका छन् । यस प्याकेजअन्तर्गत ठमेल क्षेत्रमा ५ वटा पीटीजेड र १२३ वटा फिक्स्ड क्यामरा जडान गरिएका छन् । यस्तै नयाँ सडक क्षेत्रमा ११ वटा र रानीपोखरी आसपास क्षेत्रमा ११ वटा क्यामरा जडान गरिएको उनको भनाइ थियो ।

'प्याकेज २ का लागि १ करोड ५३ लाख ८९ हजार ८०९ रुपैयाँमा सम्झौता भएको हो । यसमा कोटेश्वर भैरव मन्दिर परिसरमा ४ वटा, महाराजगञ्जमा ४ वटा र नयाँ बसपार्क प्रवेश क्षेत्रमा २ वटा गरी १० वटा एएनपीआर क्यामरा जडान भइसकेको छन् । यस्तै शान्तिबाटिका, बौद्ध गेट, पशुपति मन्दिर मुख्य प्रवेश द्वार, नयाँ बसपार्क टिकट काउन्टर, केन्द्रीय कारागार, न्युरोड गेट, काठमाडौं मल, ठमेल, विमानस्थल मुल गेट, सिंहदरबार दक्षिण ढोकामा १/१ वटा गरी १० स्थानमा एफआरयस (फेसियल रिकोग्निजेसन सिस्टम) क्यामरा जडान भएका छन्' कँडेलको भनाइ छ ।

एनएफपीआर र एफआरएस एआई (आर्टिफिसियल इन्टेलिजेन्ट) फिचर भएका क्यामरा हुन् । यी क्यामराले सवारी साधनको प्रकार, नम्बर प्लेट, रंग, गाडी गुडेको रुट, चालकको अनुहार पहिचान गर्छ । कँडेलकाअनुसार लेन क्रस, वन वेमा प्रवेश, ट्राफिक नियम उलङ्घन गर्ने सवारी, अनधिकृत ठाउँको पार्किङ् पहिचान र संकेत गर्छ । यस्तै व्यक्तिहरुको अनुहार पहिचान गर्छ । कुनै व्यक्तिको खोज्नु पर्‍यो भने यसले व्यक्ति हिंडेको वा पुगेको ठाउँ देखाउँछ । यस्ता प्रणालीले सहरी आवागमन नियन्त्रण गर्न, अपराध नियन्त्रण गर्न, हराएका व्यक्ति पत्ता लगाउन, भागेका सवारी साधन खोज्न तथा सवारी व्यवस्थापनमा निगरानी गर्न सहज हुन्छ ।

# लोककल्याणकारी विज्ञापन बढाउन महासंघको माग

**काठमाडौं/मस-** नेपाल पत्रकार महासंघको बैठकले स्वरोजगारमुलक सञ्चारमाध्यम संकटमा परेको भन्दै सरकारसँग लोककल्याणकारी विज्ञापन बढाउन माग गरेको छ ।

मंगलबार नेपाल पत्रकार महासंघ केन्द्रीय समितिको उपलब्ध पदाधिकारी तथा सदस्यहरूको बैठकले विविध विषयमा छलफल गरि निर्णयहरु समेत गरेको छ । महासघका केन्द्रीय सचिव गोबिन्दप्रसाद चौलागाईंले जारी गरेको विज्ञप्तिमा बैठकले नेपाल पत्रकार महासंघको २७ औं महाधिवेशन सम्पन्न गर्न आवश्यक तयारीलाई तीब्रताका साथ अघि बढाउँदै केन्द्रीय समितिको बैठक यथाशीघ्र बोलाउने निणर्य गरेको उल्लेख छ ।

बैठकले महाधिवेशनको प्रयोजनका लागि सदस्यतासहित शाखा, प्रतिष्ठान, एसोसिएट र प्रदेश समितिहरूको अधिवेशनसमेत सम्पन्न गर्ने आवश्यक तयारी अघि



बढाउने निणर्य गरेको छ । नेपाल सरकारले संसद्को चालू अधिवेशनमा सञ्चार विधेयकहरू प्रस्तुत गर्ने तयारी गरेको विषयलाई सकारात्मक रुपमा लिँदै महासंघको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ । त्यसैगरी सञ्चार सम्वद्ध विधेयकहरू नेपालको संविधान, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको विश्वव्यापी मान्यता र हाम्रा अभ्यासहरूको आधारमा अघि बढाउन महासंघ सरकारसँग माग गरिएको छ । विधेयकहरू महासंघसहितका सरोकारवाला पक्षहरूसँगको व्यापक छलफल र परामर्श गरेर संसदीय प्रक्रियामा लैजान महासंघले माग गरेको छ ।

समग्र सञ्चार क्षेत्र नै गम्भीर संकटमा परेको वर्तमान अवस्थामा सञ्चार क्षेत्रलाई संरक्षण गर्ने नीति अवलम्बन गर्दै स्वरोजगारमूलक सञ्चारमाध्यमले यतिबेला थप संकटको सामना गरेको यथार्थलाई ध्यान दिँदै लोककल्याणकारी विज्ञापनको वृद्धि, समानुपातिक विज्ञापनको वितरण, सञ्चारमैत्री वातावरण निर्माण गर्न र न्यू मिडियाहरूलाई वर्गीकरण गरी लोककल्याणकारी विज्ञापन वितरण गर्न महासंघले माग गरेको छ ।

यसैगरी २०८० मंसिर १५ गते नेपाल महासंघ र कान्तिपुर मिडिया ग्रुपबीच भएको सम्झौताको कार्यान्वयनको विषयमा बैठकले समीक्षा समे गरेको छ । उक्त सम्झौताको बुँदा र भावना कार्यान्वयन गर्न कान्तिपुर व्यवस्थापन पक्ष पूणर्तः उदासिन भएको ठहर महासंघले गरेको छ । सम्झौता कार्यान्वयनका विषयमा महासंघले कान्तिपुर व्यवस्थापनसँग गरेको पटक-पटकको पत्राचार र अनौपचारिक छलफलले समेत सकारात्मक नतिजा दिने संकेत नदेखिएकोले उक्त सम्झौता कार्यान्वयनका लागि सशक्त दबाब सृजना गर्दै आन्दोलनरत पक्ष र कान्तिपुर व्यवस्थापनबीच संयन्त्र गठन गरी छलफलका माध्यमबाट समाधान खोज्न एक हप्ताको समयसीमा दिने निर्णय महासंघले गरेको छ ।


## सच्याइएको सूचना

मिति २०८०/१०/१७ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित, युएईमा रोजगार शिर्षक कम्पनीको नाम : Ejadah Asset Management Group Llc, पूर्व स्वीकृत मिति: २०८०/०४/२९, चलानी नं.: ६०२०६१३१, र LT. No.: 290884 को पून: विज्ञापनमा अन्तर्वार्ता मिति २०८०/१०/२४ गते (7 Feb 2024), सिपि होटल, विर्तामोड, झापामा, २०८०/१०/२५ गते (8 Feb 2024), मेनपावर कार्यालय, काठमाडौंमा, २०८०/१०/२६ गते (9 Feb 2024), होटल दिब्यश्री, पोखरा, कास्कीमा हुनुपर्नेमा अन्यथा भएकोले अन्तर्वार्ता सच्याइएको छ ।

STARIS HR SERVICES PVT. LTD.
Basundhara, Kathmandu, Tel.: 01-5910250, 4370973, 4370762
CONTACT NO.: 9851336470 | 9802320574 | 9802320575

## कर्मचारी आवश्यकता

यस प्रतिष्ठित म्यानपावर कम्पनीको लागि निम्न कर्मचारीहरुको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

| | | |
|---|---|---|
| HR Manager | -1 | Bachelor Passed |
| Computer Operater | -1 | Bachelor Passed |
| Accountant | -1 | B.Com Passed |
| PRO | -2 | Plus 2 Passed |
| Receptionist | -1 | Plus 2 Passed |
| Office Assistant | -1 | SLC Passed |

**Salary Negotiable**

Send the cv on : overseaspratigya@gmail.com
Tel: 01-4579481 | 01- 4586459 | 9801069217

PRATIGYA OVERSEAS PVT. LTD.
श्रम इजाजत नं. १५२९/०७७/०७८
Battisputali-09 Gausala, Kathmandu

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FALTHAH HOME DELIVERY FOR CONSUMER GOODS COMPANY शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०८०/१०/२३ चलानी नं.: ६०२१४४४४ L.T. No. 299531

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 21 | 0 | स. काममा दक्ष | 150 | ६४,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २ गते (14 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Index Recruitment Pvt. Ltd.
श्रम इजाजत नं. १५४३/०७८/०७९
Chabahil-7, Kathmandu, Nepal, Tel: 01 5911443
E-mail: info@indexruitment.com.np / Website : www.indexrecruitment.com.np

## कतारमा रोजगार

कम्पनी : MOHAMED INTERNATIONAL GROUP शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/०५/१२ चलानी नं.: ६०१९८२६६ LT. No.: 291783 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५०,९१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Clean Worker | 0 | 8 | | 1000 | ३६,३७० | | | | | | | |
| 3. | Labour | 16 | 0 | | 1000 | ३६,३७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २ गते (14 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SkyStar Recruitment Pvt.Ltd.
श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345, Po box no: 19122
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

## साउदीमा रोजगार

कम्पनी : EXPERTISE CONSTRUCTION COMPANY LTD. शहर: Jubail
पुर्व स्वीकृत मिति: २०८०/१०/२३ चलानी नं.: ६०२१४४४० L.T. No.: 299459

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Heavy Equipment | 75 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८८,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Truck Driver | 25 | 0 | | 1800 | ६३,६४८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २ गते (14 February 2024) मा हुनेछ ।

साथै यसै कम्पनीको लागि Scaffolder & Heavy G.C.C. Driver, G.C.C. Forklift को पनि माग भई आएकोले नि:शुल्क परामर्शको लागि मेनपावर कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Gulf Sky International Pvt. Ltd.
श्रम इजाजत नं. ८९०/०६७/०६८
गल्फ स्काई ईन्टरनेशनल प्रा. लि.
बसुन्धारा-३, काठमाडौं, नेपाल, E-mail:gulfskyintl890@gmail.com
फ्याक्स : ५९०५०२७, फोन नं.: ५९०५०२६, ५९०५०२५, ९८४१३९७२७५, ९८४१७९२८८८, ९८०१११६८६९

## Invitation for Bids

### Guthichaur Rural Municipality
### Office of the Rural Municipal Executive

**Dhalmudi,Jumla**
**Karnali Province, Nepal**

**Date of publication: 2080/10/24**
**Invitation for Bids No: NCB/080-081/GRM2**

1. ***Guthichaur Rural municipality*** has received a loan/credit/grant from ***….[Insert name of Development partner]*** towards the cost of ***…..Insert name of Project]*** and intends to apply part of the funds to cover eligible payments under the Contract for ***[Insert name and identification number of Contract]***. Bidding is open to all eligible Bidders from all countries as defined in ***[the name of the Development partner Guidelines]***.
2. The ***[Guthichaur Rural municipality]*** invites ***electronic*** bids from eligible bidders for the procurement of ***[Medicine Procurement work]*** under National competitive bidding – Single Stage Single Envelope procedures.
3. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
4. . Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Guthichaur Rulari Municapility, dhaulmudi Jumla, bhandaridipendra019@gmail.com, 9843951496]*** or may visit PPMO website www.bolpatra.gov.np/egp.
5. A complete set of Bidding Documents may be purchased from the PPMO website www.bolpatra.gov.np/egp OR
   Bidder who chooses to submit their bid electronically may purchase of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below .
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Laxmi Sunrise Bank Ltd
   Name of Office: Guthichaur Rural Municipality,Jumla
   Office Code no. 801066203
   Rajaswa (revenue) Account no. : 0780489611701001
6. Pre-bid meeting shall be held at ***Guthichaur Rural Municipality, Dhalmudi-04, Jumla*** at ***2080/11/17 , 2:00pm***
7. electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egpon or before ***12:00 pm*** on ***2080/11/24*** Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence or not of Bidders' representatives who choose to attend at ***14:00, 2080/11/24*** at the office of ***Guthichaur Rural Municipality , Dhalmudi-04, Jumla*** .Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Nrs. 87**500 (Eighty Seven Thousand Five Hundred rupees only.)** ***of estimated amount Exclusive VAT)]***, which shall be valid for 30 days beyond the validity period of the bid .
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the **bid and** bid security shall remain the same as specified for the original last date of bid submission.only suppliers can apply for this bid & suppliers having medicine distributers licence.

| S.N | Contract identification | Name of Project | Estimated Amount (Excluding VAT ) Nrs. | Bid Security amount Nrs. | Bid document Fee (Non Refundable) Nrs |
|---|---|---|---|---|---|
| 1 | NCB/080-081/ GRM2 | Medicine Procurement work | 3499891.70 | 87500 | 3000.00 |

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२४ माघ २०८०, बुधबार
7 February 2024, Wednesday

## सम्पादकीय

# बालेनलाई दिइनुपर्ने जवाफ

धरहराको पार्किङ काठमाडौं महानगरले सञ्जालनमा ल्याएपछि मेयर बालेन्द्र शाह र संघीय सरकारबीच फेरि मतभेद सतहमा आएको छ । सहरी विकास मन्त्रालयले धरहरा निर्माण कार्य अपुरो रहेकाले पार्किङ सञ्चालन गर्ने निर्णय सच्याउन महानगरलाई भनेको थियो । तर मेयर बालेनले संघीय सरकारको निर्देशनलाई पालना नगर्ने प्रतिक्रिया दिएका छन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गरेको धरहरा अहिले अपुरो भएको तर्क गर्नु युक्तिसंगत नभएको बालेनले तर्क गरेका छन् । उनले पूर्वप्रधानमन्त्री ओलीलाई पत्र लेख्न भनेर व्यंग समेत गरेका छन् । सँगै, मेयर बालेनले दुई महत्वपूर्ण प्रश्न उठाएका छन् । पहिलो– पार्किङ ठेक्कामा दिने तयारी भइरहेको छ, जसलाई रोकेर निशुल्क गरिएको हो । दोस्रो– परियोजना अपुरै रहँदा उद्घाटन गरिनु पनि भ्रष्टाचार हो, नाम लेखाउने रहरमा हुने यस्ता कार्यलाई भ्रष्टाचार मानिनु पर्छ । बालेनले उठाएका यी प्रश्नहरूमा उनका समर्थकहरूले बलियो साथ दिएको देखिन्छ ।

तर संघीय सरकारका अधिकारीहरूले चाहिँ अहिले नै पार्किङ सञ्चालनमा ल्याउँदा धरहरा निर्माण कार्य झनै प्रभावित हुने भएकाले निर्णय सच्याइनुपर्ने तर्क गरेका छन् । तर बालेनले उठाएका प्रश्नको जवाफ संघीय सरकारका अधिकारी र मन्त्रीहरूले दिन सक्ने अवस्था देखिदैन । किनकि मेयर बालेनले नेताहरूको नियतमाथि प्रश्न उठाएका छन् र नागरिकले विश्वास गर्ने परिस्थिति समेत देखिन्छ । किनकि उद्घाटन भएर पनि सञ्चालन हुन नसकेका धरहरासँग मिल्दो नियत बोकेका कयौ परियोजना छन् । केही समय अगाडि मात्रै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मेलम्ची खानेपानी आयोजनाको उद्घाटन गरेका थिए । प्रचण्डले जस्तै अघिल्ला प्रधानमन्त्रीहरूले पनि मेलम्ची खानेपानी परियोजना उद्घाटन हुने र केही समय पानी आएपछि फेरि बन्द हुने गरेको छ । यसपटक उद्घाटन भएको मेलम्ची पनि वर्षा याममा बन्द गर्नुपर्ने अवस्थामा छन् ।


अझ पार्किङ ठेक्कामा लगाउने तयारी गरिएकाले अहिले रोक्न खोजिएको बालेनको प्रश्न अझ बलशाली छ । किनकि देशभर अहिले मौलाएको बेथिति भनेकै ठेकदारलाई परियोजना दिने र त्यसबाट नेतृत्वले कमिशन लिने हो । यस्तो भ्रष्टाचारका मुद्दामाथि निष्पक्ष छानबीन नभएका पनि कयौं उदाहरण छन् । तसर्थ बालेनले झुटै बोलेको भएपनि जनताले उनकै कुरा विश्वास गरिरहेका छन् । तर घटनाक्रमले बालेनको प्रश्नमा तागत छ । परियोजनाको उद्देश्य जनतालाई सेवा हो, तर नेतृत्वमा रहनेहरूले आफ्नो कीर्ति सम्झदा मुलुकको सिंगो प्रणाली प्रभावित हुँदै आएको छ । यसतर्फ आवश्यक ध्यान जान जरूरी छ ।

# रक्तदान किन गर्ने ?

अग्रलेख



● अर्जुनप्रसाद मैनाली



रगतबिनाको जीवनको कल्पना पनि गर्न सकिँदैन । स्वेच्छाले रगत दान गर्नुलाई नै रक्तदान भनिन्छ । नेपालमा बर्सेनि करिब तीन लाख युनिट रगत चाहिन्छ तर, जहिल्यै अभावका समाचार आइरहेका हुन्छन् । पछिल्लो समय बाढी, पहिरा, भूकम्पजस्ता प्राकृतिक कारणदेखि सडक दुर्घटना एवम् स्वदेशमै अनेक जटिलखालका रोगहरूको शल्यक्रियाको सुविधा पनि उपलब्ध भएसँगै रगतको माग आकासिएको छ । ब्लड बैंकहरूले पनि आवश्यक मात्रामा सेवाग्राहीलाई रगत उपलब्ध गराउन सकिरहेका छैनन् । योग्य व्यक्तिहरूले पनि रक्तदान नगर्ने प्रवृत्तिले गर्दा देशमा रगतको अभाव भएको छ ।

स्वस्थ शरीर, मानसिक सन्तुलन ठीक, कम्तीमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको र कम्तीमा ४५ केजी तौल भएको, मलेरिया, क्षयरोग, जन्डिस, मधुमेह तथा एचआइभी/एड्स नलागेको व्यक्ति रक्तदान गर्न योग्य मानिन्छन् । गर्भवती र महिनावारीको समयमा र सुत्केरी भएको छ महिनाभन्दा अगाडि रक्तदान गर्नु हुँदैन । रक्तदान गर्दा कतिपय मुटुजन्य रोगका समस्या र कतिपय मधुमेहजन्य रोगका समस्या निदान हुने विभिन्न स्वास्थ्य अनुसन्धानले प्रमाणित गरेको छ । विश्व स्वास्थ्य संगठनका अनुसार विकसित देशमा एक हजारमा ३३ दशमलव चार जना, विकाशोन्मुख देशमा ११ दशमलव सात जना र अल्पविकसित देशमा चार दशमलव छ जनाले मात्र रक्तदान गर्ने गर्दछन् । विश्वको जनसंख्याको दुई प्रतिशतले मात्र रक्तदान गर्दा पनि बिरामीको उपचारको लागि रगत अभाव हुँदैन भन्ने तथ्यांक छ ।

**रक्तदान किन आवश्यक ?**

वैज्ञानिकहरूले चिकित्सा क्षेत्रमा अकल्पनीय आविस्कारहरू गरी क्यान्सर, मृगौला प्रत्यारोपण, ठूला एवम् जटिल रोगहरूको उपचार पनि सम्भव गराएका छन् तर, त्यस्ता रोगहरू उपचार गर्न मानव जीवनका लागि नभई नहुने रगतको विकल्प भने दिनसकेका छैन । प्राकृतिक प्रकोपका कारण बर्सेनि लाखौंले जीवन गुमाउने गर्दछन् भने करोडौंको संख्यामा घाइते हुन्छन् । त्यस्तै मानव निर्मित सडक दुर्घटना, युद्धजस्ता कारणले समेत बर्सेनि ठूलो संख्यामा मानवीय क्षति हुने गरेको छ । यसका अलावा सरुवा रोगलगायत विभिन्न प्रकोपका कारण लाखौंको ज्यान जान्छ । साथै, गरिब परिवारका गर्भवती, सुत्केरी तथा नवजात शिशुको रगतमा हेमोग्लोबिनको मात्रा कम भएकालाई उपचार गर्न रगत आवश्यक पर्दछ ।

कुनै पनि बिरामीको उपचारका क्रममा रगत आवश्यक हुन गएमा अर्को स्वस्थ मानिसलाई रक्तदान गराउनुबाहेक अर्को विकल्प छैन । आफ्नो शरीरको अमूल्य रगतबाट अरुको जीवन बचाउन सकिने भएकाले नै रक्तदानलाई जीवनदान भन्ने गरिएको हो । हामीले शरीरमा भएको रगत दान नगरे पनि तीन महिनामा त्यो रगत त्यत्तिकै खेर जान्छ । खेर जाने रगत दान गर्दा कसैको ज्यान बच्छ भने किन नगर्ने भन्ने भावनाको विकास हुन जरुरी छ । त्यसैले रक्तदानभन्दा अर्को ठूलो पुण्य काम केही हुँदैन ।

**रक्तदान कतिपटक गर्न सकिन्छ ?**

मानिसको शरीरमा रगत बोनम्यारोमा बन्छ । शरीरमा हरेक १२० दिनमा नयाँ रगत बन्दै जाने र पुरानो रगत नष्ट हुने गर्दछ । पुरुषमा ७६ र महिलामा ६६ मिलीलिटर प्रतिकिलोग्राम रगत हुन्छ । मानिसलाई दैनिक काम गर्नका लागि ५० मिलीलिटर रगत प्रतिकिलोग्राम आवश्यक पर्दछ । एकजना स्वस्थ एवं ४५ किलोग्राम तौल भएको व्यक्तिले आठ मिलीलिटर प्रतिकिलोग्राम अर्थात् तीन सय ६० मिलीलिटर रगत सजिलैसँग दान गर्न सक्छ । यो रगत दिँदा हाम्रो शरीरमा कुनै कमजोरी हुँदैन । दान गरेको रगतको परिणाम कुनै पनि तीन सय ६० मिलीलिटर पेय पदार्थबाट र दैनिक खानपानबाट केही दिनमा आफैं बनेर पूर्ति हुने भएकाले रक्तदान गर्न सकिन्छ । रगत निकाल्दा यसले कमजोरी बनाउँदैन तर आफ्नो शरीरमा सञ्चालन भएको रगत एकाएक निकाल्दा रगतका कोशिका र नसाहरूमा केही गडबड भने हुन्छ । यसले कसैकसैलाई केही अप्ठ्यारो हुन्छ तर, तरल पदार्थको यथेष्ट खाएका एक-दुई दिनमा नै यथारूपमा आउँछ ।

> *नेपालमा पछिल्लो समय रक्तदानबारे सचेतना त बढेको छ, तर अभाव पूर्ति हुन सकेको छैन । दाताहरू पनि रक्तदान गर्न सहजरूपमा उपस्थिति हुँदैनन् । रक्तदान जीवनदान भन्ने कुरा सबैलाई थाहा छ । रगत दिएर अरूलाई बचाउन सकिन्छ भन्ने पनि थाहा छ, तर पनि युवाहरू रक्तदानमा सहभागी हुँदैनन् ।*

एउटा स्वस्थ व्यक्तिको शरीरमा चारदेखि पाँच लिटर रगत हुन्छ । त्यसमध्येबाट ३५० मिलीलिटर मात्र रगत लिइरहेका हुन्छौं । दुर्घटना, प्रसूति, शल्यक्रिया तथा अन्य रोगका कारण शरीरमा रगतको कमी भएका बिरामीलाई रगत दान गरी उनीहरूलाई बचाउन सकिन्छ । विश्वभरि रक्तदान गर्नेमध्ये एक प्रतिशतभन्दा कमले मात्र सयौं पटक रक्तदान गर्न सकेका छन् । नेपालको परिपेक्ष्यमा १८ वर्ष पूरा भएका, ६५ वर्ष ननाघेका र ४५ किलो वजनका भएका व्यक्तिले हरेक ९० दिनमा रक्तदान गर्न सक्छन् । अमेरिका र क्यानडामा हरेक ५६ दिनमा रक्तदान गर्न सकिन्छ भने १६ वर्ष पुगेका र ७५ वर्ष ननाघेका व्यक्तिहरूले वर्षमा छ पटकसम्म रक्तदान गर्न सक्छन् ।

**रक्तदानप्रति कसरी आकर्षण बढाउने ?**

नेपालमा पछिल्लो समय रक्तदानबारे सचेतना त बढेको छ, तर अभाव पूर्ति हुन सकेको छैन । दाताहरू पनि रक्तदान गर्न सहजरुपमा उपस्थिति हुँदैनन् । रगतको स्रोत स्वस्थ्य युवाहरू नै हुन् । रक्तदान जीवनदान भन्ने कुरा सबैलाई थाहा छ । रगत दिएर अरुलाई बचाउन सकिन्छ भन्ने पनि थाहा छ, तर पनि युवाहरू रक्तदानमा सहभागी हुँदैनन् । आमरूपमा रक्तदान गर्नुपर्छ भन्ने चेतना जगाउन जरुरी छ । अहिले काठमाडौंमा प्रतिदिन झण्डै पाँच सय युनिट रगत चाहिन्छ । तर, स्वयम्सेवीहरूबाट करिब एक सय ५० युनिटमात्र रगत दान गरेको पाइन्छ । यसले गर्दा दैनिक झण्डै तीन सय बिरामीले रगत नपाउने स्थिति छ । नेपालको जनसंख्या करिब तीन करोडमध्ये एक प्रतिशतले पनि रक्तदान गरेका छैनन् । देशभरिमा झण्डै सवा तीन लाख युनिट रगत चाहिन्छ । गत वर्ष लगभग दुई लाखले मात्र रक्तदान गरेका थिए ।

प्रविणता प्रमाणपत्र तहमा अङ्ग्रेजी पाठ्यपुस्तकको 'द ब्लड डोनर' पाठबाट प्रेरित भई रक्तदान कार्यमा आफूलाई समर्पण गरेको मैले विगत ४० वर्षदेखि निरन्तर रक्तदानको माध्यमबाट बिरामीलाई नयाँ जीवन दिँदै आएको छु । युवाहरूमा रक्तदानको महत्वबारे अवगत गराउन विद्यालय, विश्वविद्यालयका पाठ्यक्रमहरूम रक्तदानसम्बन्धी पाठ्यसामग्री समावेश गर्नु जरुरी छ । पाठ्यपुस्तकमा रक्तदानबारे एउटा सानो पाठ राखिदियो भने ती विद्यार्थीलाई रक्तदान गर्न उत्प्रेरणा मिल्छ । रक्तदानको महत्वबारे समाजमा अझै अनेक अविश्वास, भ्रम र चेतनाको अभाव रहेको पाइन्छ ।

त्रिवि मातहतको सरस्वाती क्याम्पसको समाजशास्त्र विभागले सन् २०२२ मा गरेको रक्तदानबारे सामाजिक बुझाइसम्बन्धी अध्ययनमा पनि अझै यो अवस्था रहेको पाइएको छ । अध्ययनमा नेपालमा रक्तदानको दर न्यून रहेको, अत्यावश्यक अवस्थामा बाहेक रक्तदान गर्न तयार नरहेको, रक्तदान गर्दाका असर र फाइदाबारे जानकारी नभएको, सामाजिक चेतनाको अभाव, रक्तदानका लागि उत्प्रेरणा बढाउन नसकिएकोलगायतका विषय औंल्याएको छ । अर्को कुरा रक्तदानसम्बन्धी काम गर्ने नेपाल रेडक्रसको रक्तसञ्चार सेवा, नेपाल सरकारको केन्द्रीय रक्त ब्यूरोले रक्तदान कार्यक्रम बढाउनका लागि स्थानीय संघसंस्थालाई प्रोत्साहन गर्नुपर्छ ।

**रक्तदानको अभियान**

'म एक्लैले यस संसारलाई दयारुपी संसारमा बदल्न सक्दिन तर संसाररुपी पानीमा एउटा पत्थर फ्याँकेर समाज सेवाको हलचल मच्चाइ मानव सेवाका लागि मनुष्यमा दया पैदा गर्न सक्छु' भन्ने मदर टेरेसाको भावनाबाट प्रेरित भएर नै पनि रक्तदानको अभियानलाई विश्वव्यापी बनाउन खोजिएको छ । मान्छेहरूलाई बचाउन सकुँ र समुदायलाई पनि उत्प्रेरणा दिने नै अभियान रहेको छ । रगत दान गर्दा कमजोरी भइन्छ भन्नेहरूका लागि रक्तदान गरेर कमजोरी हुँदैन भनेर बुझाउनु अर्को उद्देश्य हो ।

स्वयम्ले बिरामीलाई रगत उपलब्ध गराउन, युवाहरूलाई रक्तदान गरेर कमजोर भइँदैन भनेर बुझाउनका लागि सन् १९९० डिसेम्बर ५ मा रक्तदान गरेको एक घण्टापछि विभिन्न जिल्लाहरूमा साइकलयात्रा गरेको थिएँ । सन् २०२२ नोभेम्बरसम्म विश्वका छवटै महादेशका १४ वटा देशमा पुगी त्यहाँ बसोबास गरेका नेपाली समुदायमा रक्तदान गर्न उत्प्रेरणा गरेको छु र आफूले पनि दुई सय पाँचपटक रक्तदान गरेको छु । यस अभियानबाट छ सय १५ जना बिरामीलाई बचाउन सक्नु आफैंमा असाधारण काम हो भन्ने लाग्दछ ।

प्राकृतिक प्रकोप, दुर्घटना र युद्धमा घाइते भएका मानिसलाई बचाउन रगतको ठूलो भूमिका हुन्छ । रगत खेर जाने चिज होइन, यो सबैलाई चाहिने कुरा हो, असत्य भएर पनि अरुलाई रगत दिनु र उसलाई बचाउनु चानचुने कुरा होइन । मेरो रक्तदानको यात्रा एउटा देश वा भूगोलमा सीमित छैन । पंक्तिकारले आफ्नै साधन, स्रोत, समयमा यो अभियानलाई विश्वव्यापी बनाउने जमर्को गरेको हुँ । यसले विश्वमा नेपालको परिचय गराउन मद्दतमात्र पुगेको छैन, मानवीय भावनाको विस्तार पनि भएको छ । अझै ५० वर्षसम्म पनि रगतको विकल्प आउन कठिन रहेकाले देश र विदेशमा पुगेर रक्तदानको आवश्यकता, महत्व र उपयोगिताका बारेमा जनचेतना बढाउने मेरो अभियान कायमै रहनेछ ।

*(प्रस्तुती : कृष्ण अधिकारी)*

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

अध्ययनले मानिसलाई ज्ञान प्राप्त हुने, सही मार्ग देखाउने, सिर्जनात्मक क्षमताको बृद्धि गराउने र सोच/विचारमा परिवर्तन ल्याउने गर्दछ । अनुभवले मानिसलाई परिपक्वता बनाउने र खराब कार्यबाट जोगाउँछ । संवाद र बहसले भने विचारविमर्शसहित आपसी ज्ञानको आदान-प्रदानमा मद्दत गर्दछ ।




**- चन्द्र श्रेष्ठ**

आफू कुर्सीमा रहँदा जालझेलमा अल्झिने तर, कुर्सीबाट हटेपछि विकृतिको चाङ्ग देख्ने कमजोर मानसिकतालाई जबसम्म हटाउने चेष्टा गरिँदैन तबसम्म पद्धति निरही नै बनिरहने छ । यसर्थ; मुलुकलाई सकारात्मक गतितर्फ लैजान कर्मचारीतन्त्रले नै महत्वपूर्ण भूमिका खेल्छ भन्दा खासै आपत्ति नहोला ।



**- टंक दाहाल**

नेपालमा कसैले नयाँ समाचार ल्यायो भने - समाचार आयो भन्नुभन्दा पनि कुन उद्देश्यले ल्यायो र उसको भित्रि गेमप्लान के छ भनेर सोच्नुपर्ने स्थिति छ अहिले । एउटै घटनामा मुछिएका कसैको नाम नै नलिने अनि कसैको दोहोलो काढ्ने प्रवृति छ । स्वार्थ बिनाका समाचार हेर्न गाह्रो भैसक्यो । दुर्भाग्य !



**- सुमना श्रेष्ठ**

जुन कुरा नेपालकै प्रविधिका कम्पनीहरूले बनाउन सक्छन्, त्यस्ता सफ्टवेयरहरू नेपालीलाई नै बनाउने मौका दिनुपर्छ । नेपालको टेक-ट्यालेन्ट नेपालकै प्रविधि विकासका लागि कसरी प्रयोग गर्न सकिन्छ ? अब पनि यसबारे नसोच्ने हो भने हामीले नेपालको प्राविधिक विकासलाई तीव्र गतिमा लान सक्नेछैनौं ।

# दलीय ह्वीप र सांसद

विचार



● गङ्गा यादव

> *संसद् भनेको जनताको कुरा राख्ने प्रभावकारी थलो हो । तर सदनमा देशका महत्वपूर्ण विषयमा सांसदले स्वतन्त्ररूपमा आफ्नो कुरा राख्न पाउँदैनन् । 'यो कुरा बोल्ने' भनेर पार्टीबाट ह्वीप जारी हुन्छ । यसले गर्दा सांसदले पार्टीले भनेको भन्दा बाहिर बोल्न पाइँदैन ।*

संसद् भनेको जनताको कुरा राख्ने प्रभावकारी थलो हो । तर, सदनमा देशका महत्वपूर्ण विषयमा सांसदले स्वतन्त्ररूपमा आफ्नो कुरा राख्न पाउँदैनन् । 'यो कुरा बोल्ने' भनेर पार्टीबाट ह्वीप जारी हुन्छ । यसले गर्दा सांसदले पार्टीले भनेको भन्दा बाहिर बोल्न पाइँदैन । सांसदलाई धेरै गाह्रो छ । यसमा यो वा त्यो पार्टी हैन, सबै राजनीतिक दलको अभ्यास यस्तै छ । आफ्ना सांसदलाई राम्रोसँग कुरा राख्न पर्याप्त समय पनि दिइँदैन । जनताले चुनेर जनप्रतिनिधिको हैसियमा सदनमा सांसदलाई पुऱ्याउँछन् । किनकी जनताको कुरा, आवश्यकता र समस्या सांसदले कुरा उठाउन् भन्ने उनीहरूको चाहना हुन्छ ।

सांसदले स्वतन्त्र ढंगले मनको कुरा राख्न पाउनुपर्छ । त्यसमा पार्टीले बन्देज गर्नुहुँदैन । सदनमा कथम् आफ्नो कुरा राख्यो भने पार्टीले 'यस्तो कुरा किन उठाउनुभयो, यो कुरा राम्रो भएन । दायाँ घुम बायाँ घुम' पार्टीको नीतिअनुरूप दायाँ-बायाँ जान पाउँदैनन् सांसदहरू । तर पनि मैले सदनमा आफ्नो कुरा स्पष्ट राख्ने प्रयास गरेँ । म माथि पार्टीको ह्वीप जारी भएन, आफ्नो कुरा निर्धक्क राखेँ ।

अहिले संसद् जुन ढङ्गले चलिरहेको छ, त्यो ठीक छैन । संसद् भनेको स्वतन्त्र ढङ्गले चल्नुपर्छ । सांसदलाई बोल्ने स्वतन्त्रता हुनुपर्छ । त्यो स्वतन्त्रता छैन । पाँच/सात जनाको समूहको घेराबन्दी हुन्छ । घुमाइ फिराइ उनीहरूको मात्रै पहुँच हुने, माथिल्लो तहमा अवसर लिने परिपाटी छ ।

जनप्रतिनिधिको मुख्य दायित्व कानुन निर्माण हो, सँगसँगै विकास निर्माणमा पनि केन्द्रित हुनुपर्ने बाध्यता छ । विकास निर्माणका काममा ध्यान दिन सकिएको छैन । अहिले विकास निर्माणका कामहरू प्रभावकारी हुन सकेको पाइन्न । सबैजसो क्षेत्रमा बेथिति मौलाएको छ । प्रजातन्त्र आएपछि जति सरकार बने पनि ती सबै सरकारको प्रभावकारिता बढेको देखिँदैन । राजनीति कमाउने साधनजस्तो बनेको छ ।

जनप्रतिनिधिको मुख्य काम कानुन निर्माण हो । तर, सांसदले कानुन निर्माणमा सक्रिय हुन पाएका छैनन् । बरु उनीहरू जिल्ला, निर्वाचन क्षेत्रमा बढी केन्द्रित भएका छन् । किनकी राजनीतिक दलहरूको कमजोरी, सत्ता परिवर्तनको दाउपेच, राजनीतिक लुछाचुँडीले सदनलाई प्रभावकारी बनाउन सकिएको छैन । राजनीतिक सौदाबाजीले जनताको मुद्दालाई मुखरित गर्न सकिएको छैन ।

सदनमा सांसदको भूमिका पनि प्रभावकारी छैन । स्वतन्त्र सांसदले खुलस्तरूपमा आफ्नो कुरा राख्छन् तर, पार्टीका सांसदले स्पष्ट कुरा राख्न सकिरहेका छैनन् । आगामी दिनमा सदनको कामकारबाहीलाई प्रभावकारी बनाउन नसके देशको विकास र जनताको आकांक्षा पूरा हुँदैन ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि संघीय सरकारले प्रदेश सरकारलाई पर्याप्त अधिकार दिनुपर्छ । अधिकारविहीन भएको गुनासो गर्दै प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरूले बारम्बार संघीय सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् । तथापि, अहिले पनि सुनुवाइ भएको छैन । मुख्यमन्त्रीलाई प्रदेश प्रमुख, सिडियोले टेर्दैनन् । संघ र प्रदेशबीच पनि एक किसिमको फाटो छ ।

जनप्रतिनिधिको हैसियतले सदनमा संसद्को काम कारबाहीलाई पारदर्शी र प्रभावकारी बनाइनुपर्छ । जनताको शिक्षा, स्वास्थ्य, कृषिमा सुधार ल्याउने, गरिबी निवारण, रोजगारी सिर्जना, बेरोजगारीको अन्त्य गर्नेजस्ता कुरालाई सदनले प्राथमिकता दिनुपर्छ । जनतामा पनि चेतना, जागरण आउन जरुरी छ । मुख्य कमजोरी जनतामा पनि छ । जनताले चाह्यो भने परिवर्तन हुन्छ । एक दिन त देशमा परिवर्तन पक्कै हुन्छ ।

अहिले सरकार र राजनीतिक दलको भूमिका प्रभावकारी हुनुपर्छ । प्रणालीमा सुधार गर्दै जनतालाई केन्द्रमा राखेर इमान्दारीपूर्वक दायित्व निर्वाह गर्नुपर्छ । जनतामा एक किसिमको वितृष्णा बढेको छ । यसलाई समयमै सम्बोधन गर्न सरकार र दलप्रति जनताको आशा, भरोसा र आत्मविश्वास बढाउनेतर्फ सबै राजनीतिक दल, सरकार र सदन सजक हुन जरुरी छ । त्यसैले जनप्रतिनिधिको थलो संसद्को भूमिकालाई भरोसायोग्य बनाउन सबै जिम्मेवारपूर्वक लाग्नुपर्ने अहिलेको अपरिहार्यता हो ।

## तपाईंको राशिफल

- मेष : नयाँ काम बन्नेछ । वैदेशिक कार्यमा प्रगति हुनेछ ।
- वृष : अचल सम्पत्तिमा वृद्धिको योग छ । मुद्दामा मामिलामा विजयी भइनेछ ।
- मिथुन : अनावश्यक जिम्मेवारीले तनाव दिनेछ । स्वास्थ्य राम्रो रहनेछ ।
- कर्कट : मुकद्मा सम्बन्धी समस्याको योग छ । स्वास्थ्य राम्रो रहनेछ ।
- सिंह : विरोधी सकिय रहनेछन् । दैनिक आयमा वृद्धि हुनेछ ।
- कन्या : स्वास्थ्य राम्रो रहनेछ । व्यापारको लागि समय शुभ छ ।
- तुला : धर्मपालनामा रुची देखिन्छ । स्वास्थ्य राम्रो रहनेछ ।
- वृश्चिक : वाणी संयम राख्नुहोला । पारिवारिक उल्झनको वृद्धि हुनेछ ।
- धनु : खर्चमाथि विशेष नियन्त्रण राख्नुहोला । विरोधी सक्रिय रहनेछन् ।
- मकर : विद्यार्थीहरूका लागि समय राम्रो छ । नौलो कार्य सफल हुनेछ ।
- कुम्भ : सम्मानमा वृद्धि हुनेछ । मांगलिक कार्य हुने योग छ ।
- मीन : आयमा वृद्धि हुनेछ । नकारात्मक कुराले अशान्ति पैदा गर्नेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# ८ वर्षमा २० करोड खर्च, अझै तयार भएन अर्घाभगवती विमानस्थल



**सूर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २३ माघ

२०७३ असार १३ गते पहिलो चरणमा शिलान्यास भएको अर्घा भगवती विमानस्थल परियोजना ८ वर्षसम्म पनि निर्माण सम्पन्न हुन सकेको छैन । तत्कालीन उपप्रधानमन्त्री टोपबहादुर रायमाझीले शिलान्यास गरेको उक्त विमानस्थल निर्माणमा हालसम्म झण्डै २० करोड रुपैयाँ खर्च भइसकेको छ । तर कच्ची धावनमार्ग तयार भएपनि पिच हुन सकेको छैन ।

विमानस्थल छिटो बनाउने भन्दै रायमाझीले विमानस्थलको ३ पटकसम्म कामको औपचारिक शिलान्यास गरेका थिए । २०७३ मा शिलान्यास भए पनि काम शुरू नभएपछि उनले फेरि २०७६ मा निकै धुमधामका साथ स्थानीयलाई जम्मा गरेर रिवन काटेर विमानस्थल निर्माणको काम शुरु गरेका थिए । विमानस्थलका धेरै संरचना हालसम्म पनि बनिसकेका छैनन् । सन्धिखर्क नगरपालिका वडा नम्बर १० धरम्पानीको शिखरबारीमा अर्घा भगवती विमानस्थल बन्दै छ । आयोजनाको प्रगति ७० प्रतिशत पुगेको बताइएको छ ।

हवाई मार्गबाट संघीय राजधानी काठमाडौं जान पर्ने अर्घाखाँचीवासीलाई रूपन्देहीको भैरहवा विमानस्थल वा गुल्मीको रेसुङ्गा विमानस्थल पुग्नुपर्ने बाध्यता रहेको छ । हवाईजहाज चढ्न भैरहवासम्म पुग्नुपर्ने बाध्यता हटाउन, आपत्कालीन अवस्थाको काठमाडौं यात्रा सहज बनाउन र पर्यटन प्रवर्द्धनका लागि यो विमानस्थल निर्माण शुरू गरिएको नेपाल नागरिक उड्डयन प्राधिकरणले बताएको छ ।

पर्यटनका हिसाबले पनि अर्घाखाँची आकर्षक गन्तव्यका रूपमा विकास हुँदै गएको छ । अर्घाखाँचीमा पर्यटन प्रवर्द्धन कार्यक्रम २०८० को प्रधानमन्त्री प्रचण्डले उद्घाटन गरेर शुभारम्भ गरिसकेका छन् । जसको नेतृत्व नेपाल पत्रकार महासंघ अर्घाखाँचीले लिएको पत्रकार महासंघका अध्यक्ष अशोक खनालले बताए ।

यो विमानस्थल निर्माणका लागि पहिलो टेन्डर ८ करोड रुपैयाँमा भएकोमा पुष्पा बिल्डर्सका सञ्चालक नारायण बन्जाडेले ५ करोड ५० लाखमा ठेक्का सम्झौता गरी माटो कटिङ, जाली निर्माणको काम सम्पन्न गरेका थिए । दोस्रो पटक खनाल ब्रदर्सका सञ्चालक युवा व्यवसायी कवि खनालले ३ करोड ६० लाखमा ठेक्का सम्झौता गरी माटो र ग्याबिनको काम तोकिएको समय भन्दा पहिला सम्पन्न गरेर पुरस्कारसमेत प्राप्त गर्न सफल भएका थिए ।

पछिल्लो समय नागरिक उड्डयन प्राधिकरणले निकालेको ठेक्का खनाल ब्रदर्सले ४ करोड ९० लाखमा सम्झौता गरेर ७७३ मिटर पक्की जमिनमा रनवे निर्माणको काम तोकिएको समयभन्दा पहिला सम्पन्न गरी पुरस्कारसमेत प्राप्त गरेको व्यवसायी खनालले बताए । परियोजनामा हालसम्म ७० प्रतिशत काम सम्पन्न भइसकेको छ । यो धावनमार्ग सम्पन्न भएपछि अब टर्मिनल भवन, पार्किङ निर्माण तथा रनवे पिचको काम बाँकी रहेको र अब हुने टेण्डरमा त्यो काम स्टमेट भएको साइट इन्जिनियर सत्य राम दुवालले बताए ।

प्राधिकरणले धावनमार्ग विस्तारसँगै उक्त विमानस्थलमा ४५ सिट क्षमताका जहाज उडान गराउने लक्ष्य राखेको दुवालले बताए । पहिला भने १९ सिट क्षमताका जहाज उडान गर्न मिल्ने विमानस्थल बनाउने योजना प्राधिकरणको थियो । तर अहिले धावनमार्ग ९ सय मिटर लम्बाई ३० मिटर चौडाईको बनेको इन्जिनियर दुवालले बताए । उनका अनुसार अब विमानस्थल निर्माणका लागि ८ करोडको टेण्ड निकाल्ने प्रक्रिया अन्तिम चरणमा पुगेकाले यही महिनाभित्र टेण्डर निकालेर काम शुरु गरिनेछ । विमानस्थल निर्माण कार्य सम्पन्न गर्न अझै २० करोड रकम थप चाहिने उनले ।

# सवारी दुर्घटनामा परी एक जनाको मृत्यु

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २३ माघ

सर्लाहीको मलंगवा नगरपालिका वडा नं. ११ गम्हरिया स्थित मलंगवा-नवलपुर सडक खण्डमा सोमबार राति सवारी दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ । दुर्घटनामा परी घाइते भएका ११ जनामध्ये एक जनाको मृत्यु भएको हो । अन्य ३ जना घाइतेको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

मृत्यु हुनेमा विनोद घिमिरे रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ। मलंगवाबाट नवलपुरतर्फ जाँदै गरेको उखु बोकेका ज.२ त १०६७ नम्बरको ट्याक्टरलाई सोही दिशाबाट जाँदै गरेको बी आर ०६ पी डी ९६४८ नम्बरको सफारीले ठक्कर दिँदा दुर्घटना भएको थियो । घाइते सबै जना सफारीमा सवार थिए ।

**कर्णाली प्रदेश खेलकुद विकास परिषद्**
**वीरेन्द्रनगर, सुर्खेत**
**Karnali Province Sports Development Council**
**Birendranagar, Surkhet**

## भुल सुधार

प्रकाशित मिति: २०८०/१०/२४

मिति २०८०/१०/२१ गते यस दैनिकमा प्रकाशित यस कार्यालयको सूचना नं. ६/२०८०/२०८१ को शिलबन्दी दरभाउपत्र आह्वानको सूचनामा प्रकाशित मिति २०८०/१०/२१ गते हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

## हकदावी सम्बन्धी लिक्विडेटरको ३५ दिने सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७४/१२/२१ मा दर्ता भएको **हेलो होलिडेज एण्ड ट्रेकिङ्ग प्रा. लि.** (दर्ता नं.१८७०११/२०७४/०७५) को मिति २०५०/१०/२३ गतेको विशेष साधारण सभाबाट कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरी कम्पनीलाई खारेजी प्रक्रियामा लगिएको हुँदा उक्त कम्पनीसँग कोही कसैको लेनदेन, बाँकी बक्यौता रहेको भए प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र सवुद प्रमाण सहित निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न आउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ । म्यादभित्र दावी नगरिएमा पछि कोही कसैको कुनै उजुर दावी लाग्ने छैन ।

लिक्विटेटर : शरण चन्द्र सापकोटा
इजाजत पत्र नं. : ५४५
ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १०, बिजुलीबजार
मोवाइल नं.: ९८४१२४६४७१
इमेल : Sharansapkota7@gmail.com


## SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ARJOWAN PROFESSIONAL CAR WASH — शहर : Riyadh
पूर्व स्वीकृत मिति:२०८०/१०/२२ — चलानी नं:६०२१४४०४ — L.T. No.:299496

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Plumber | 1 | 0 | स. काममा दक्ष | 1400 | ४९,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन २ गते (14 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AL FALAH GROUP HUMAN RESOURSE PVT. LTD.**
Sinamangal-09, Kathmandu, Nepal. Tel: 01-5918948
Email: alfalahgroupnpl@gmail.com, Website: alfalahghr.com
License No: 1634/080/081

## मलेसियामा रोजगार

कम्पनी: MAGNA SURFACES SDN. BHD — शहर: SELANGOR
पूर्व स्वीकृत मिति: २०७९/०५/२९ — चलानी नं.: ६०१८७६८५ — LT. No.:271676 — पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 1 | 0 | स. काममा दक्ष | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन २ गते (14 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | मलेसियामा रोजगारको लागि उमेर कति ? |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क | १८ वर्ष भन्दा माथि |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**वि. एस. ओभरसिज प्रा. लि.**
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@ gmail.com
website: www.bsoverseasnepal.com.np
श्रम इजाजत नं. ५४०/०६१/०६२
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ENERGY PLUS TECHNICAL SERVICES WLL — शहर: Doha
पूर्व स्वीकृत मिति: २०८०/०९/०६ — चलानी नं.: ६०२११९१२ — L.T. No.: 296874 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electricain (Gen) | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | |
| 2. | Electrician | 4 | 0 | | 1200 | ४३६४४ | | | | | | |
| 3. | Mason | 1 | 0 | | 1100 | ४०००७ | | | | | | |
| 4. | Mechanic | 9 | 0 | | 2500 | ९०९२५ | | | | | | |
| 5. | Painter | 1 | 0 | | 1100 | ४०००७ | | | | | | |
| 6. | Pipe Fitter | 1 | 0 | | 1100 | ४०००७ | | | | | | |
| 7. | Plumber | 5 | 0 | | 1100 | ४०००७ | | | | | | |
| 8. | Sales Supervisor | 1 | 0 | | 2500 | ९०९२५ | | | | | | |
| 9. | Supervisior | 2 | 0 | | 2500 | ९०९२५ | | | | | | |
| 10. | Technician | 1 | 0 | | 1100 | ४०००७ | | | | | | |
| 11. | Welder | 7 | 0 | | 1100 | ४०००७ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २ गते (14 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BRIGHT FUTURE HR SOLUTION PVT.LTD.**
KMC-03, Basundhara, Kathmandu, Nepal.
नेपाल फोन नं.: ०१-५९१४६३२
फोन नं.: ९८०३७११६०५, ९८१८०१२७०१, ९८४१८०७२९८,९७६२८८४२१८
Email : cvsbrightfuturehrs@gmail.com
श्रम इजाजत नं. १६०२/०७९/०८०

## मलेसिया र कतारमा रोजगार

कम्पनी: PEMBINAAN TONG TOR SDN.BHD — शहर: Malaysia,KUALA LUMPUR
पुर्व स्वीकृत मिति: २०८०/०७/१५ — चलानी नं.: ६०२०९७९३ — LT. No.: 294551 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction workers | 25 | 0 | स. काममा दक्ष | 1500 | ४१८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी: PEMBINAAN YEE HWA SDN BHD — शहर: JOHOR
पुर्व स्वीकृत मिति: २०८०/०३/०४ — चलानी नं.: ६०२०३४३५ — LT. No.: 288110 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 8 | 0 | स. काममा दक्ष | 1500 | ४१८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: FAMOUS TRADING & CONTRACTING CO WLL — शहर: DOHA
पुर्व स्वीकृत मिति: २०८०/०३ /०३ — चलानी नं.: ६०२०३२८६ — LT. No.: 287961 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical Ground Network | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,६४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technical Support Programmer | 9 | 0 | | 2000 | ७२,७४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २ गते (14 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Gov. Lic. No. 1048/073/74
Mobile :9842386737 | 9801081253 | 9801081255 | 9801081252 |
9851094766 | 9801081247 | 9823187308 | 9827934073

## कतारमा रोजगार

१.कम्पनी: ALFRED TALKE LOGESTIC SERVICES LLC — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/११/१५ — चलानी नं.: ६०१९७२७० — LT. No.: 281766 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 6 | 0 | स. काममा दक्ष | 1000 | ३६,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २ गते (14 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नुहोला ।

**क्यापिटल इन्टरनेशनल मेनपावर प्रा. लि.**
बसुन्धारा, काठमाडौं, फोन नं.: ४३५९७७२,४९८४१९१,४९८४१९०
फ्याक्स नं.: ४३८३६२७ देबी प्रसाद अधिकारी ९८५१०९९३००, Email: capital2004@yahoo.com
श्रम इजाजत नं: ५४३/०६१/०६२
" Real Happiness Lies in Making Other Happy"

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: GULF PIPE PROJECT COMPANY — शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मिति:२०८०/१०/२३ — चलानी नं.: ६०२१४४३७ — L.T. No.: 299471

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 12 | 0 | स. काममा दक्ष | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: GULF ENERGY PROJECT COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति:२०८०/१०/२३ — चलानी नं.: ६०२१४४३८ — L.T. No.: 299446

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Uploading Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २ गते (14 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Destiny H.R.Group Pvt. Ltd.**
Pinglasthan, Gaushala-9, Kathmandu.Tel No:5913085/5914085, 9851164801
Email: admdestinyhr@gmail.com/Website: www.destinyhrgroup.com.np
Govt.Lic.No.: 1552/079/080

## मलेसियामा रोजगारको अवसर

कम्पनी : HIN HUAT TRADING SDN BHD — शहर : Malaysia, Melaka
पुर्व स्वीकृत मिति: २०८०/०८/१३ — चलानी नं.: ६०२१०७६९ — LT. No.: 295693 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | स. काममा दक्ष | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता : मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २ गते (14 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AASHIN OVERSEAS PVT. LTD.**
श्रम ई. पत्र नं. १२३५/०७४/७५
Shakti Vinayak Marg, Sinamangal, Kathmandu, Tel.: 01-5902036, 5902037

## KUWAIT मा वैदेशिक रोजगारको अवसर

कम्पनी: SALON HANAN DASHTI BEAUTY AND INSTITUTE HD COMPANY W.L.L. — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/१०/२३ — चलानी नं.: ६०२१४४३९ — L.T. No.: 298161

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 0 | 10 | सम्बन्धित काममा दक्ष | 120 | ५१,६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician | 0 | 10 | | 200 | ८६,१६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय कुपन्डोल, ललितपुरमा २०८० फागुन २ गते (14 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AIR KINGS PLACEMENT PVT. LTD.**
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Gov. Lic. No. 712/064/065

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: BRANCH OF THE BASIC RAW MATERIALS PROCESSING FACTORY — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८०/१०/२२ — चलानी नं.: ६०२१४४२० — L.T. No.:299435

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Manufacturing Labor | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: SMOKED MEAT HOUSE PLUS RESTAURANT FOR SERVING MEALS — शहर: ALQURAYAT
पुर्व स्वीकृत मिति: २०८०/१०/२२ — चलानी नं.: ६०२१४४२१ — L.T. No.299451

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 3 | 0 | स. काममा दक्ष | 1400 | ४९,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ADDITIONAL DOUBLE CAFE FOR SERVING MEALS — शहर: RIYADH
पुर्व स्वीकृत मिति: २०८०/१०/२२ — चलानी नं.: ६०२१४४२२ — L.T. No.:299436

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 1 | 0 | स. काममा दक्ष | 1400 | ४९,५०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: BUILDING CONSTRUCTION CORPORATION FOR REAL ESTATE DEVELOPMENT — शहर: JEDDAH
पुर्व स्वीकृत मिति: २०८०/१०/२२ — चलानी नं.: ६०२१४४२३ — L.T. No.:299497

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६३,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० फागुन ६ गते (18 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

## साउदीमा रोजगार

कम्पनी: SAED INTERNATIONAL FOR ISTIGDAM — शहर: KSA
पूर्व स्वीकृत मिति: २०८०/१०/२२ — चलानी नं.: ६०२१४४४१ — L.T. No.:299491

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | shelving filler | 19 | 0 | स. काममा दक्ष | 1300 | ४५,९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८० फागुन २ गते (14 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Amity Global Employment Services Pvt. Ltd.**
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com

## Malaysia मा रोजगारको अवसर

१. कम्पनी: SENG SUN SDN.BHD — शहर: SUNGAI KESIL
पूर्व स्वीकृत मिति: २०७९/०८/०९ — चलानी नं.: ६०१९२००९ — LT. No.: 276357 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 2 | 0 | स. काममा दक्ष | 1500 | ४१,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० फागुन २ गते (14 February 2024) मा हुनेछ ।

